(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## केन्द्रीय कार्यालय

## मानव संशाधन विभागको

## करार सेवाको विशेषज्ञ पदका लागि Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७७०७२२)

यस बैंकको कर्मचारी सेवा विनियमावली २०७० को विनियम १०९ मा भएको व्यवस्थानुसार करार सेवामा विशेषज्ञ पदमा पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७७०७२२ गते देखि Online दरखास्त फाराम आह्वान गरिएको छ । बैंकले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरु र पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका Online दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक / वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, नेपाल राष्ट्र बैंकले जारी गरेको नियमन तथा निर्देशन अनुसार बैंक / वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति, बैंक/ वित्तीय संस्थाको ऋण नतिरी कालो सूचिमा परेको व्यक्ति र मानसिक सन्तुलन ठिक नभएको उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

परीक्षा दस्तुर समेत Online मार्फत RBB Mobile Banking वा e-Sewa वा Connect IPS बाट बुझाउनु पर्नेछ । अन्य माध्यमबाट परीक्षा दस्तुर बुझ्ने व्यवस्था नरहेको व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

१) वि.नं., पद र पद संख्या :

| वि.नं. | पद | पद संख्या |
|---|---|---|
| C1/2077/78 | वित्तीय विश्लेषक | ४ |
| C2/2077/78 | NFRS विज्ञ / विश्लेषक | ४ |
| C3/2077/78 | कर्जा विश्लेषक | ४ |

(२) सेवाको किसिम र अवधि :– करार, सेवा अवधि १ वर्ष ।

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :– मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उपाधी हासिल गरेको ।

(४) अनुभव :

i) **वित्तीय विश्लेषक**का लागि वित्तीय विवरणहरुको विश्लेषण सम्बन्धी अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

ii) **NFRS विज्ञ / विश्लेषक**कालागि NFRS सम्बन्धी कार्यानुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

iii) **कर्जा विश्लेषक**का लागि कर्जा सम्बन्धि कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(५) तलव, भत्ता तथा अन्य सेवा, सुविधा र शर्त :– बैंकले तोके बमोजिम (कररनामामा उल्लेख गरिने) ।

(६) उम्मेदवारको छनौट विधि :– अन्तर्वार्ता ।

(७) पदस्थापन :– उपरोक्त विज्ञापन अनुसार नियुक्त हुने करार विशेषज्ञहरुलाई बैंकका विभिन्न विभाग तथा कार्यालयहरुमा पदस्थापन गरिनेछ ।

(८) Online दरखास्त फाराम भर्न https://recruitment.rbb.com.np वेव साइट मा गई त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(९) परीक्षा दस्तुर :– रु.७००।– (सात सय)

(१०) परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- Online दरखास्त फाराम Submit गरे पश्चात View all Vacancies मा Click गरी आफुले Apply गरेको सम्बन्धित विज्ञापनको Payment Option मा गई RBB Mobile Banking वा e-Sewa वा Connect IPS मार्फत तोकिए बमोजिमको परीक्षा दस्तुर बुझाउनु पर्नेछ । यसरी परीक्षा दस्तुर बुझाउंदा एक भन्दा बढी विज्ञापनमा दरखास्त फाराम भर्ने उम्मेदवारले हरेक विज्ञापनका लागि छुट्टा छुट्टै दस्तुर बुझाउनु पर्नेछ ।

Online दरखास्त फाराम Submit गरे पश्चात "Form has been Submited", परीक्षा दस्तुर भुक्तानी भए पश्चात "Payment Successfully Received", भरिएको फर्म स्वीकृत भए पछि "….has been Approved" र भरिएको फर्म अस्वीकृत भएमा "….has been Cancelled" भन्ने SMS फाराम भर्दा दिईएको मोवाइल मार्फत प्राप्त हुनेछ । सो अनुरुपको SMS प्राप्त भए नभएको सम्बन्धमा सम्बन्धित दरखास्तवालाले एकिन गर्नु पर्नेछ ।

(११) Online दरखास्त फाराम भर्ने मितिः– Online दरखास्त फाराम शुरु हुने मिति २०७७०७२२ गतेले १५ दिन (अर्थात मिति २०७७०८०६ गते) सम्म ।

(१२) अन्तर्वार्ता सञ्चालन हुने स्थान :– यस बैंकको केन्द्रीय कार्यालय भवन सिंहदरवारप्ला काठमाण्डौ ।

(१३) अन्तर्वार्ता सञ्चालन हुने मिति :–सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

(१४) अन्तर्वार्ताको पाठ्यक्रमः- राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा राखिएको छ ।

(१५) शैक्षिक योग्यता, अनुभव, सेवा अवधि सम्बन्धि तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०७७०८०६) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

(१६) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

(१७) Online दरखास्त फाराम भर्दा अस्पष्ट भएमा यस विभागको टेलिफोन नं. ०१४२५२५९५ एक्सटेन्सन नं. : ३५४९ र ३५४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

सदस्य सचिव

**छनौट समिति**